**Prithvi Wangmaya**
(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

# मुक्तिनाथ शर्माको *को अछुत ?* उपन्यासमा शरीर राजनीति

## (Body Politics in Muktinath Sharma's *Who Is Untouchable?*)

**गीताकुमारी पौडेल लामिछाने (Geeta Kumari Poudel Lamichhane)**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
(Department of Nepali, Prithvi Narayan Campus, Pokhara)
**Article History**
Receved 09 June 2025, Reviewed 15 July 2025, Accepted 03 September 2025
**Corresponding Author:**
Geeta Kumari Poudel Lamichhane; Email: gitakumaripaudel@gmail.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85730

**सार (Abstract)**

प्रस्तुत लेख *को अछुत ?* उपन्यासमा शरीर राजनीतिको विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको हो । यस लेखको अध्ययन क्षेत्रका रूपमा मुक्तिनाथ शर्माको उपन्यास र समस्याका रूपमा शरीर राजनीति रहेको छ । यस लेखमा उपन्यासमा शरीर राजनीतिलाई के-कसरी प्रस्तुत गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई मुख्य समस्या बनाइएको छ । गुणात्मक अध्ययन पद्धतिमा आधारित यस लेखमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको अध्ययन गरी प्राप्त तथ्यका आधारमा पाठविश्लेषण विधिको उपयोग गरी लेखलाई पूर्णता प्रदान गरिएको छ । यस अध्ययनमा सांस्कृतिक अध्ययनअन्तर्गतको शरीर राजनीतिलाई उपन्यास विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ । यसै सैद्धान्तिक मान्यताका आधारमा निर्मित सूचकहरू मानव शरीरप्रतिको लैङ्गिक र पितृसत्तात्मक दृष्टि, शक्ति र प्रभुत्वको रूपमा नारी शरीरको प्रयोग, मानव शरीरप्रति उपभोक्तावादी सांस्कृतिक दृष्टि र शरीर राजनीतिप्रति प्रतिरोधी चेतनाका कोणबाट उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासमा वर्गीय, जातीय र लैङ्गिक रूपमा नारी शरीरलाई आफ्नो फाइदा र इच्छापूर्तिका लागि नियन्त्रण गर्ने प्रवृतिको निरन्तरता रहेकाले प्रस्तुत उपन्यास शरीर राजनीतिका आधारमा विश्लेषणका निम्ति उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । (The present paper aims to analyze the body politics in Muktinath Sharma's novel *Who*

*Copyright 2025 © The auther/s. This work is licensed under a* Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

*Is Untouchable?* Sharma's novel has been taken as a text and body politics as an issue for discussion. This paper deals with how body politics as an issue is presented in the novel. Using qualitative research design, this paper has used both primary and secondary sources to for textual analysis of the novel. Against this theoretical backdrop, the novel has been analyzed from the perspectives of body politics, especially using the parameters such as the point of view of gender and patriarchy, the exploitation of women's body as a means of power and hegemony, cultural consumerim over women's body, and the resistance of body politics. The paper concludes that, in terms of class, race, and gender, the males continue to take advantage of a female body and control it.)

**शब्दकुञ्जी** (Keywords): अधीनस्थता, अभिजात्य, प्रतिरोधी, यौनिकता, लैङ्गिकता (Domination, elite, resistance, sexuality, gender)

## विषयपरिचय

*को अछुत ?* मुक्तिनाथ शर्मा (२०७१–२०४६) द्वारा रचित उपन्यास हो । उनका मातृत्व (२००७), धर्मपुस्तक (२००७), को अछुत ? (१०११), गफ (२०१२), हिन्दु संस्कृति र आधुनिकता (२०३८) उपन्यास र मुक्तिनाथ तिमिल्सिना (२०४०) आत्मकथा नामक पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । उनका पाँचवटा उपन्यासहरूमध्ये को अछुत ? सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा वर्गीय, जातीय र लैङ्गिक समस्याले प्रधानता पाएको छ । वर्गीय समस्याका पृष्ठभूमिमा विकसित जातीय र लैङ्गिक समस्या सहायक समस्या जस्तो भएर उठान भएको भए तापनि उपन्यासमा लैङ्गिक उत्पीडनको विषयले महत्त्वपूर्ण ठाउँ पाएको छ । समाजमा वर्गीय शोषणको अवस्था र यसैका पृष्ठभूमिमा विकसित जातीय र लैङ्गिक उत्पीडनको विषय टिपेर वास्तविकताको अङ्कन गर्ने कार्य को अछुत ? उपन्यासले गरेको छ । यसलाई नेपाली समाजको यथार्थ परिघटनाको सजीव चित्रको रूपमा स्वीकार गर्न सकिन्छ । प्रस्तुत उपन्यासमा मूलतः पितृसत्तात्मक सामाजिक व्यवस्थामा नारीले भोग्नु परेको हिंसा, शोषण, दमन, अन्याय, अत्याचार र सामाजिक–सांस्कृतिक असङ्गत पक्षहरूलाई कथात्मक रूपले प्रस्तुत गरिएको छ । नेपाली समाजले पालना गर्दै आएको लैङ्गिक विभेदको स्थिति र त्यस विभेदले नारीको शरीरमाथि गरेको नियन्त्रण र एकाधिकारको राजनीतिक संस्कृतिलाई सारका रूपमा प्रस्तुत गरिएको छ । नारी शरीरमाथि पुरुषको आधिपत्यले सिर्जित शोषण, दमन, अन्याय, अत्याचार एवम् दुराचार र यसले निम्त्याएको वियोगको पराकाष्ठा उपन्यासको केन्द्रीय परिणति बनेको छ ।

सत्ता, शक्ति, स्वार्थ, प्रभुत्व र अधीनस्थताका कारण उपन्यासमा महिला शरीरलाई उपभोग्य वस्तुका रूपमा लिइएको छ । उनीहरूको शरीरलाई चाहेको बेलामा प्रयोग गर्ने र मिल्काउने प्रवृत्ति देवेन्द्र र दानवीरजस्ता व्यक्तिमा रहेको र मिल्काइने वस्तुका रूपमा इन्दिरा, स्यानीलगायतका महिला रहेको पक्षलाई प्रस्तुत उपन्यासले उद्घाटन गरेको छ । महापण्डित भएर समाजमा आदर्शका कुरा गर्ने तर आफ्नै भाउजू बलात्कार गरेर सन्तान जन्मेपछि विभिन्न प्रपञ्च गरी सन्तानलाई नोकरको जिम्मा लगाउने पण्डित शैलेन्द्रराज उपाध्याय जस्ता पितृसत्ताका पृष्ठपोषकको व्यवहारलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

आफ्नो शरीरमा आफ्नै अधिकार हुन्छ भन्ने मान्यतालाई माया लगायतका केही महिलाहरूका माध्यमबाट प्रस्तुत गर्न खोजिएको छ। माया लगायतका केही महिलाका माध्यमबाट लैङ्गिक उत्पीडनको प्रतिकार गर्न खोजिए पनि उपन्यासका अधीनस्थ वर्गमा प्रतिरोधी चेतना कमजोर रहेको देखिन्छ। उनीहरूमा आफूमाथि भएका उत्पीडनका विरूद्धमा प्रतिरोध गर्ने प्रतिरोधी चेतनाको विकास भए पनि सशक्त रूपमा प्रतिरोध गर्न सक्ने प्रतिरोधी चेतनाको विकास हुन सकेको छैन। त्यसैले प्रस्तुत उपन्यास शरीर राजनीतिका दृष्टिले अध्ययनीय भएकाले त्यसैको विश्लेषणमा प्रस्तुत लेख केन्द्रित छ।

प्रस्तुत अध्ययन को अछुत ? उपन्यासमा शरीर राजनीति भन्ने मूल प्राज्ञिक समस्यामा कन्द्रित रहेको छ। उक्त समस्या समाधान गर्न उपन्यासमा शरीरप्रतिको लैङ्गिक र पितृसत्तात्मक दृष्टि, शक्ति र प्रभुत्वका आधारमा नारीको शरीरप्रतिको दृष्टि, मानव शरीरप्रति उपभोक्तावादी सांस्कृतिक दृष्टि र शरीर राजनीतिप्रति प्रतिरोधी चेतनाका आधारमा समाजका प्रतिनिधि पुरुष चरित्रहरूले गरेका शोषणका विविध पक्षको अध्ययन-विश्लेषण गरिएको छ। उपन्यासको विभिन्न कोणबाट पूर्व अध्ययन भए तापनि सांस्कृतिक अध्ययनको शरीर राजनीतिका कोणबाट अध्ययन हुन बाँकी भएकाले अध्ययनमा रिक्तता देखिन्छ। सोही रिक्तताको परिपूर्ति गर्न उपन्यासलाई शरीर राजनीतिका निर्धारित सूचकका आधारमा विश्लेषण गरिएको छ। गुणात्मक अनुसन्धनात्मकढाँचा र पाठविश्लेषण विधिको अवलम्बन यस अध्ययनमा गरिएको छ। उपन्यासमा शरीर राजनीतिको विश्लेषणका लागि निर्धारित सूचकका आधारमा गरिएको यो अध्ययन मौलिक, नवीन र प्राज्ञिक दृष्टिले उपयोगी रहेकाले औचित्यपूर्ण देखिएको छ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनलाई पूर्णता दिन सामग्री सङ्कल कार्य र विश्लेषणको ढाँचालाई निम्नानुसार प्रयोगमा ल्याइएको छ :

### *सामग्री सङ्कलनको विधि*

प्रस्तुत अध्ययनमा उपन्यासकार मुक्तिनाथ शर्माको को अछुत ? उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ। सांस्कृतिक अध्ययनको पृष्ठभूमिमा विकसित सांस्कृतिक अध्ययनको सैद्धान्तिक मान्यतालाई लिएर तयार पारिएका शोधप्रबन्ध, अनुसन्धानमूलक ग्रन्थ, लेख रचना, कृतिसमीक्षा तथा पुस्तकहरूलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको छ र यिनै सामग्रीबाट तथ्यसङ्कलन गरी समस्याको समाधान गरिएको छ। यी दुवै प्राथमिक र द्वितीयक सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन्। तसर्थ यस शोधको सामग्री सङ्कलन पुस्तकालयीय विधिमा आधारित रहेको छ।

### *विश्लेषणको ढाँचा*

प्रस्तुत अध्ययनमा सांस्कृतिक अध्ययनका पृष्ठभूमिमा विकसित सांस्कृतिक अध्ययनको धरातलमा रहेर यस अघिका अध्ययनहरूमा विकसित भई प्रयोगमा आइसकेको कृतिविश्लेषणको आधारलाई नै विश्लेषणको मुख्य आधार बनाइएको छ। यस अध्ययनमा विश्लेष्य उपन्यासले स्थापना गरेको सामाजिक पृष्ठभूमिमा प्राप्त शरीर राजनीतिको अवस्थाका जटिलता र यसैमा दृष्टिगत नारीसमस्यालाई विश्लेषण गरिएको छ। उपन्यासको विश्लेषण गर्ने क्रममा

उत्तरसंरचनावादी फ्रान्सेली चिन्तक मिसेल फुकोको शरीर राजनीति र प्रभुत्वसम्बन्धी विचारक अन्तोनिया ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणालाई उपयोग गरिएको छ । सङ्कलित सामग्रीहरूको अध्ययनबाट प्राप्त सूचना वा तथ्यलाई वर्णनात्मक तरिकाले व्यख्याविश्लेषण गरिएको छ । उपन्यासमा प्रस्तुत भएका शरीर राजनीतिसम्बन्धी सिद्धान्तमा टेकेर शरीर राजनीतिसम्बन्धी सूचक शरीरप्रति लैङ्गिक पितृसत्तात्मक सामाजिक दृष्टि, शक्ति र प्रभुत्वका आधारमा शरीरको प्रयोगसम्बन्धी दृष्टि र शरीर राजनीतिप्रति प्रतिरोधी चेतनाका आधारमा पाठको अर्थपूर्ण व्याख्या गरिएको छ । व्याख्याको क्रममा सन्दर्भ र प्रसङ्गअनुसार उपन्यासका साक्ष्यहरूका आधारमा विश्लेषणका साथ निष्कर्षमा पुगिएको छ । अध्ययनको प्रस्तुतीकरणमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## *सैद्धान्तिक आधार*

शरीर राजनीति पाश्चात्य समालोचनामा पछिल्लो चरणमा प्रयोगमा ल्याइएको विषय हो । सांस्कृतिक अध्ययनअन्तर्गत विभिन्न शाखाहरू विकसित भइरहेका छन् । ती मध्ये शरीर राजनीति पनि एउटा विषय क्षेत्र हो । शरीर राजनीतिमा साहित्यमा प्रयुक्त शरीरको अध्ययन गर्ने गरिन्छ । खासगरी यस समालोचना पद्धतिले नारीको शरीरमा ऊ स्वयम्कै अधिकार हुनुपर्ने र पुरुषको प्रभुत्व, शोषण र उत्पीडनबाट मुक्त हुनुपर्छ भन्ने अवधारणा अघि सारेको छ । वर्गीयता, लैङ्गिकता र सांस्कृतिक चेतनाबाट प्रभावित शरीर राजनीतिको विषय समग्रमा काँचो मासुको विनिमय गर्ने अभिप्रायका साथ साहित्यमा प्रयुक्त एक दृष्टिकोण हो (पौड्याल, २०७७, पृ.१५) । सत्ता, शक्ति, स्वार्थ, प्रभुत्व र अधीनस्थताका कारण शरीर राजनीतिको जन्म भएको हो । शरीर राजनीति प्राकृतिक कुरा नभई सांस्कृतिक विषय हो । सांस्कृतिक अध्ययनमा शरीरको अध्ययन गर्ने भनेको संस्कृतिले शरीरमा पारेको प्रभाव र त्यसबाट पुनर्निर्मित शरीरको अध्ययन हो । सांस्कृतिक अध्ययनअर्न्तगत रहेका विविध विषय जस्तै शरीर राजनीति पनि एउटा विषय क्षेत्र हो । शरीर राजनीतिमा साहित्यमा प्रयुक्त शरीरको अध्ययन गर्ने गरिन्छ (खनाल, २०७५, पृ .१६) । साहित्यिक पाठहरूमा शरीरका बारेमा कसरी लेखिएका छन् र शरीरका बारेमा विचारधाारात्मक तथा सामाजिक सांस्कृतिक र ऐतिहासिक शक्तिसम्बन्ध कस्तो छ भन्ने कुरा शरीर राजनीतिको मुख्य पक्ष हो । शरीर राजनीतिमा महिला शरीरको मात्र अध्ययन हुँदैन । यसमा पुरुषको शरीरको समेत अध्ययन हुने गर्दछ अथवा महिला र पुरुष दुवैको अध्ययन शरीर राजनीतिले गरेको हुन्छ । शरीर राजनीतिले वर्गीय, जातीय र लिङ्गीय जस्ता सामाजिक-सांस्कृतिक आधारमा हुने शरीरमाथिको शोषणको अध्ययन गर्दछ। ।

सांस्कृतिक अध्ययनको आरम्भ बेलायतबाट भएको हो । बेलायतमा सांस्कृतिक अध्ययनको प्रारम्भ भएपछि यसको संस्थागत विकास पनि भएको हो । यसको विकासमा सन् १९६४ बघिङ्घम विश्वविद्यालयमा स्थापना भएको 'सेन्टर फर कन्टेम्पोऱ्यारी कल्चरल स्टडिज' (सिसिसिएस् ) को भूमिका रहेको छ । रिचार्ड होगार्ट, रेमण्ड विलियम्स र इ.पी थम्सनले विकास गरेको यस सेन्टरमा पछिल्लो चरणमा स्टुआर्ट हल पनि समावेश भएका छन् । सांस्कृतिक अध्ययनको पहिलो चरण मूलतः मार्क्सवादी छ र वर्गसम्बन्ध र वर्गसंस्कृति यस अध्ययनको मूल विषय बनेको छ (भट्टराई, २०७७, पृ.१४) । यसले वर्ग चेतनाको प्रस्फुटन गर्दछ र यस्तो वर्ग चेतना उत्पीडित वर्गको वर्ग चेतनाका

रूपमा प्रकट हुन्छ र यस्तो चेतना उत्पीडित वर्गको वर्गीय मुक्तिसँग जोडिएको हुन्छ भन्ने अवधारणा लिएर आरम्भ गरिएको हो ।

सांस्कृतिक अध्ययनको अर्को प्रभावशाली सिद्धान्तको विकास अमेरिकी सांस्कृतिक चिन्तकहरूले गरेका छन् । अमेरिकी सांस्कृतिक अध्ययनको आरम्भ सन् १९८० को दशकबाट भएको हो । यसको अध्ययनको महत्त्वपूर्ण पक्ष लैङ्गिक अध्ययन हो । यसले साहित्यिक कृतिलाई पाठका रूपमा लिएर त्यसमा प्रकट भएका प्रतिनिधित्व, पहिचान, उत्पीडन र प्रतिरोधका साथै कृतिमा निहित शक्तिसम्बन्धको खोजी, परिधीका शक्तिहरूको प्रतिरोध क्षमताको स्थितिलाई देखाउने काम गर्दछ । सांस्कृतिक अध्ययनको सबैभन्दा पछिल्लो अवधारणा उत्तरसंचनावादी फ्रान्सेली चिन्तक मिसेल फुको (१९२६-१९८४) द्वारा प्रतिपादित छ । फुकोले मानव शरीरलाई मात्र शरीर नमानेर समाजलाई नै शरीर मानेका छन् । उनका विचारमा मनुष्यको शरीर पनि सत्ताकेन्द्र हो र सत्ता व्यक्तिपरक हुने हुँदा सत्ताको अध्ययन सार्वभौमिक वा राज्यमा मात्र नभई स्थानीय स्तरमा पनि रहन्छ .... फुकोले ज्ञान र सत्तालाई परिवार, वर्ग, जाति र समुदायगत सम्बन्धमा पुऱ्याएका छन् (भट्टराई, २०७७, पृ.४२) । फुकोले नारी शरीरको सामाजिक अध्ययन गर्दै पत्नी, दासी, सेविका, छोरी, बुहारीका रूपमा नारीका शरीर पृथकीकृत हुन्छ । नारीको शरीरलाई टुक्राइएको हुँदा शरीर एउटा स्थान हो, जसमाथि विमर्शका माध्यमबाट शक्तिको प्रयोग गरिन्छ । फुकोका मान्यतामा यो शरीरको विनिर्माण हो । अनेक रूपमा शरीर खण्डित भएको हुनाले फुकोले यसलाई विनिर्माण मानेका हुन् (फुको, सन् १९८९ पृ. १६३) । उनका मान्यताअनुसार शरीरमाथि कस्तो दृष्टिकोण रहेको छ भन्ने कुरा पनि हेरिन्छ । साहित्यिक पाठहरूमा शरीरका बारेमा कसरी लेखिएका छन् र शरीरका बारेमा विचारधाारात्मक तथा सामाजिक, सांस्कृतिक र ऐतिहासिक शक्तिसम्बन्ध कस्तो छ भन्ने कुरा शरीर राजनीतिको मुख्य पक्ष हो ।

शक्ति सत्तासँग सम्बन्धित पक्ष हो । शक्तिको प्रभाव सानो परिवारदेखि माथिल्लो तहसम्म रहन्छ र कुनै पनि समाज सत्ता र शक्तिका आधारमा चलेको हुन्छ । शक्ति सामाजिक संरचनाका हरेक तहमा रहेको हुन्छ । सत्तामा रहेको वर्गमा शक्तिशाली हुन्छ भने सत्ता बाहिर रहेको वर्ग शक्तिहीन वा कमजोर रहेको हुन्छ । शक्ति सामाजिक संरचनाका विभिन्न तहमा रहेको हुन्छ । सत्ताको सम्बन्ध बल र विचारधारासँग हुन्छ भने विचारधारा विभिन्न पक्षसँग सम्बद्ध हुन्छ । समाज राजनीति र अर्थव्यवस्थाको आधार हो । यो सामाजिक संरचनाका विभिन्न तहमा रहेको हुन्छ । सांस्कृतिक अध्ययनले शक्तिलाई आम सन्दर्भमा हेरे पनि विशेषतः यसले पछाडि परेको वर्ग, जाति, लिङ्ग, राष्ट्र आदिका बारेमा अध्ययन गर्छ ( गिरी, २०७०, पृ .२९ ) । शक्तिकै आडमा शक्तिमा रहेकाले शक्तिभन्दा बाहिर रहेका वर्ग, जाति र लिङ्गलाई शोषण गर्ने र आफ्नो वर्चस्व कायम गरेको पाइन्छ । प्रभुत्वको अवधारणा आन्तोनिया ग्राम्सीको हो र उनको वर्चस्वसम्बन्धी विचारमा शोषक वर्गले शोषित वर्गलाई शक्तिको प्रयोगले मात्र होइन सांस्कृतिक साधनद्वारा पनि उत्पीडन गर्दछ । उसले उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक, धार्मिक र सांस्कृतिक रूपमा नै बढी जोड दिएको हुन्छ ( चैतन्य, २०७०, पृ .१५८) । सत्तामा रहेको व्यक्ति वा निकायले विनाबल प्रयोग गरेर पनि समाजमा रहेको कमजोर वर्ग वा व्यक्तिलाई प्रभुत्वले बाँधेको हुन्छ वा उसको शरीरमाथि राजनीति

गरिरहेको हुन्छ । यसका आधारमा शासकहरूले शासितहरूको शरीरको प्रयोग के कस्ता कार्यमा गरिरहेका हुन्छन् भन्ने कुराको अध्ययन शरीर राजनीतिले गर्दछ ।

लैङ्गिक अध्ययन महिला र पुरुषप्रतिको सामाजिक व्यवहार र सांस्कृतिक निर्मिति पनि हो । लैङ्गिक अध्ययन लिङ्गको जीववैज्ञानिक अध्ययन नभई सांस्कृतिक निर्मितिका आधारमा महिला र पुरुषको भूमिका र व्यवहारको अध्ययन हो । लैङ्गिक अध्ययनले पितृसत्ता, नारीवाद, यौनिकता, उत्पीडन, प्रतिनिधित्व, पहिचान, प्रतिरोध र शक्तिसम्बन्धका साथै शरीर राजनीतिको पनि अध्ययन गर्दछ । शरीरको निर्मिति मूलतः भौतिक निर्मिति हो तर शरीरलाई पनि सामाजिक सांस्कृतिक प्रयोग र मूल्यका आधारमा हेर्ने काम लैङ्गिक समालोचनाले गरेको छ (भट्टराई, २०७३, पृ .१३३) । यस अर्थमा शरीर राजनीति सामाजिकसँगै राजनीतिक विषय पनि हो । पितृसत्तात्मक समाजमा सामाजिक मूल्यमान्यता, धर्म, संस्कृति, रीतिरिवाज, कानुन, नीति, नियम, परिवार र समाज आदि सबैले यसलाई संस्थागत गरिरहेका हुन्छन् । मिसेल फुकोले पनि शरीरलाई शक्ति र राजनीतिसँग नै जोडेका छन् । उनका विचारमा शरीर प्रत्यक्ष रूपमा राजनीति क्षेत्र हो र यो शक्तिको नियन्त्रणमा रहन्छ । शरीर शक्ति र शोषणसँग पनि जोडिएको हुन्छ (फुको, १९८९, पृ.३०) । यस सिद्धान्तले कुनै पनि व्यक्तिको शरीर ऊ स्वयंको नियन्त्रणमा नभई शक्तिशालीको अधीनस्थ हुन्छ भन्ने मान्यता राख्दछ ।

पितृसत्तात्मक समाजमा पुरुष शक्तिशाली र महिला कमजोर मानिने संस्कृति विद्यमान रहेकाले यसले पुरुषलाई शासक र महिलालाई शासित अवस्थामा राखेको छ । पितृसत्तात्मक समाजमा महिलाका उत्पादन, श्रमशक्ति, यौनिकता, प्रजनन शक्ति, सम्पत्ति तथा सम्पूर्ण साधनस्रोतमाथि पुरुषको नियन्त्रण हुन्छ (पाण्डे, २०६९, पृ. २२२) । पितृसत्ता महिलामाथिको दमन र शोषणको कारकतत्त्व हो । फरक शारीरिक गुणका आधारमा पितृसत्तात्मक समाजले महिला र पुरुषलाई भिन्दाभिन्दै छवि र भूमिका प्रदान गरेर उनीहरूबिचको सम्बन्धलाई पनि परिभाषित गरिदिन्छ जुन असमानतामा आधारित हुन्छ (भद्रा, २०६७, पृ.२६ ) । यही असमानताका कारण पुरुषले महिलाको शरीरमा आफ्नो हक जमाउन खोज्छ र महिलामाथि शोषण, दमनका साथै यौनिक हिंसा गर्छ । समाजको कुनै पनि मानिसलाई कुनै लिङ्ग ग्रहण गरेका आधारमा कमजोर, निरीह, असहाय, अबला बनाउने परिपाटी वा प्रचलन स्थापना भएको समयदेखि नारी शरीरलाई हेर्ने दृष्टिकोणमा परिवर्तन भएको हो । पुरुषलाई समाजमा सबल ठान्ने र नारी चरित्रलाई कमजोर ठान्ने चिन्तनले जरो गाड्न थालेको समयदेखि नारी शरीरप्रति राजनीतिक खेलको परिपञ्च स्थापना भएको छ । लिङ्ग विशेषलाई आधार मानेर तयार भएका सोच व्यक्तिको शरीरप्रति खेल्ने उपकारण बनेका हुन् ( पौड्याल, २०७७, पृ. १३८) । लैङ्गिक विभेदसँगै विकास भएका पितृसत्ताद्वारा निर्मित स्त्रीद्वेषी कानुन, नीति, नियम र सत्ता सञ्चालन गर्न पुरुषले लैङ्गिक विभेदबाट निर्माण गरेको परिपञ्च वास्तवमा नारीलाई शक्तिहीन बनाउने अर्थमा निर्माण गरिएका थिए जसका कारण पुरुष शक्तिशाली, महिला शक्तिहीन अथवा अधीनस्थ हुन पुगे र यसैका आधारमा नारी शरीरको शोषण गर्ने प्रवृत्ति समाजमा स्थापना भएको हो ।

प्रभुत्वशाली वर्गबाट अन्याय, अत्याचार, शोषण, दमन भोग्न बाध्य व्यक्ति वा वर्गले आफूमाथिको उत्पीडनको विरोध गर्नु वा प्रतिकार गर्नु प्रतिरोध हो । उत्पीडित वर्ग वा व्यक्तिमा

जागेको विद्रोही चेतना प्रतिरोधी चेतना हो। मिसेल फुकोले शक्ति, ज्ञान र विमर्शको व्याख्याको सन्दर्भमा प्रतिरोधका बारेमा आफ्ना धारणा राखेका छन्। उनको भनाइ छ "जहाँ शक्तिको अभ्यास हुन्छ त्यहाँ त्यसको प्रतिकारको सम्भावना पनि देखापर्छ। त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागका रूपमा हेरिनुपर्छ" (फुको, १९७८,उद्धृत उप्रेती, २०७८, पृ. ३० )। प्रभुत्वको वर्चश्वबाट नै प्रतिरोधको जन्म हुन्छ। प्रतिरोधलाई शक्तिसम्बन्धका आधारमा पनि हेर्ने गरिन्छ। उत्पीडित वर्ग सचेत भयो भने त्यस अवस्थामा प्रतिरोध सिर्जना हुन्छ।

प्रस्तुत उपन्यासमा नारीलाई भोग्या मात्र ठान्ने पुरुष चरित्रहरूका माध्यमबाट उच्च वर्गीय अहङ्कार र सामन्ती सोचको उद्घाटन गरिएको छ। नारीको आफ्नो शरीरमा समेत आफ्नो हक नहुने , घरभित्र र घर बाहिर पनि जबर्जस्ती नारीले आफ्नो शरीर सम्पनु पर्ने, र नारी पुरुष आश्रित हुनु पर्ने पितृसत्तात्मक शरीर राजनीतिको अवस्थालाई प्रस्तुत गरिएको यस उपन्यासलाई शरीरप्रतिको लैङ्गिक, पितृसत्तात्मक, शक्ति र प्रभुत्ववादी, उपभोक्तावादी सांस्कृतिक दृष्टि र शरीर राजनीतिप्रति प्रतिरोधी चेतना जस्ता पक्षमा केन्द्रित भएर शरीरलाई विनिर्मित गरी को अछुत ? उपन्यासकै साक्ष्यका आधारमा सामाजिक सांस्कृतिक शरीरको अध्ययन विश्लेषण गरिएको छ।

## विमर्श र नतिजा

मुक्तिनाथ शर्माको सांस्कृतिक संचेतना प्रस्तुत गरिएको को अछूत ? उपन्यासमा नेपाली समाजको वर्ग विषमतम, जातीय र लैङ्गिक विभेदलाई प्रस्तुत गरिएको छ । वर्गीय समस्याका पृष्ठभूमिमा उपन्यासमा लैङ्गिक दृष्टिकोण आएको छ। लिङ्गिय पहिचानलाई प्रस्तुत गर्न वर्ग र जातिसँग मिसाएर पितृसत्ताको दमनबाट नेपाली नारीले भोग्नु परेको उत्पीडनलाई केन्द्रीय कथ्य बनाइएको छ। पितृसत्ताका पृष्ठपोषकका कारण नारीहरूले अन्याय, अत्याचार, शोषण, घरेलुहिंसा, बलात्कार सहन बाध्य पारिएको कुरालाई केन्द्रीय विचार बनेको छ। यस उपन्यासलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने भए पनि यहाँ शरीर राजनीतिका चारवटा सूचकका आधारमा मात्र विश्लेषण गरिएको छ :-

### *शरीरप्रतिको लैङ्गिक र पितृसत्तात्मक दृष्टि*

को अछुत ? उपन्यासमा शरीरप्रतिको लैङ्गिक दृष्टि र पितृसत्तात्मक दृष्टि कस्तो छ भनेर शरीर राजनीतिको अध्ययनअन्तर्गत पर्ने लैङ्गिकता र पितृसत्तात्मकताका आधारमा शरीरको प्रयोग के-कसरी गरिन्छ भन्ने कोणबाट विश्लेषण गरिएको छ। समाजमा निहित लैङ्गिक सम्बन्ध, लैङ्गिक भूमिका, लैङ्गिक विभेद पितृसत्तात्मक विचारधारा, लैङ्गिक समतामूलक विचार आदिका आधारमा पुरुष र महिलाको पहिचान तथा प्रतिनिधित्व निर्धारण हन्छ। पितृसत्तात्मक विचारधाराको वर्चश्व रहेको समाजमा पुरुषको प्रभुत्वशाली पहिचान र प्रतिनिधित्व हुन्छ भने नारीहरू उनीहरूको अधीनस्थ हुन्छन्। पितृसत्तात्मक समाजले नारीलाई शक्तिको केन्द्रमा आउन नदिन आर्थिक, सामाजिक, राजनीतिक आदि क्षेत्रमा आफ्नो नियन्त्रण गर्नुका साथै आफू अनूकुल विभेदजन्य स्थितिको सिर्जना गरेको छ। पितृसत्तात्मक विचारधारा र मान्यतालाई स्वाभाविक र सत्यका रूपमा प्रतिस्थापन गर्न बल वा नैतिक आधार खडा गरी पुरुषकेन्द्री विचारधारालाई समाजकेन्द्री विचारधारा बनाएका हुन्छन् र

त्यसैको आडमा नारीको शरीरमाथि नियन्त्रण कायम गर्न सफल भएका हुन्छन् ।

को अछुत ? उपन्यासमा पुरुषहरूले नारी शरीरमाथि विभिन्न किसिमका शोषण, दमन, उत्पीडन र नियन्त्रण कायम गर्न सफल भएको देखिन्छ। यस उपन्यासका देवेन्द्र, दानवीर, शैलेन्द्रराज उपाध्याय, रामकृष्ण बाजे, श्यामबहादुर भण्डारी, नरवीर गुरुङ् जस्ता पितृसत्ताका परिपोषक तथा अत्याचारी पुरुष पात्रहरूले इन्दिरा, स्यानी, रतनकी आमालगायतका असहाय नारीहरूको अस्मिता लुटेर उनीहरूलाई नारकीय जीवन जीउन बाध्य पारेका छन् । उनीहरूले सत्ता र शक्तिको आडमा महिलाको शरीरलाई आफ्नो नियन्त्रणमा लिएर आफ्नो यौन वासनालाई पूर्ति गरेका छन् । देवेन्द्रले आफ्नो कामवासना पूर्तिको लागि आफ्नै घरमा भान्छे राखेकी स्यानी बज्यैलाई विभिन्न षड्यन्त्र गरेर बलात्कार गरेको छ । आफ्नो यौनसुख प्राप्त गर्दा गर्भधारण भए पछि गर्भको सन्तान पन्छाउनका लागि विभिन्न दुष्कर्म गर्दै कलकत्ता लगेर अछुतको जिम्मा लगाएको छ। अछुतको जिम्मा लगाएकी स्यानी बज्यैले अछुतको घरमा सन्तान पैदा गरेर आफू र आफ्नो सन्तानलाई विनाअपराध अछुत सम्झेर बसेकी छ ।

उपन्यासको पुरुष पात्र दानवीरले आफ्नै घरमा भान्छेको रूपमा काम गर्न राखेकी इन्दिरा र आफ्नै सहोदर बहिनीलाई आफ्नो कामवासना पूर्तिको साधन बनाएर यौनतृष्णा मेटाएको छ। आफ्नो कामवासना पूरा गर्दा गर्भवती भएपछि इन्दिरालाई परपुरुषको जिम्मा लगाएको छ भने बहिनीलाई बच्चा जन्मेपछि अन्यत्र विवाह गरिदिएर छोरा रतनलाई दलितको जिम्मा लगाएको छ। आफ्नै बहिनी र छोरालाई अन्त जिम्मा लगाएको कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ "त्यसपछि आमाले मलाई यसरी भन्नुभयो, तिमी दाजु बहिनीको यौनसम्बन्धबाट जन्मेका सन्तान हौ बाबु, मेरा दाजुले नै पहिले मेरो सतीत्व लिएर तिमी जन्मे पछि मेरो बिहे अन्यत्र गरिदिएका हुन् । तिमी च्यामेका सन्तान होइनौ "( पृ ९४ ) । प्रस्तुत दृष्टांशमा दानवीरले एउटा दाइ भएर बहिनीको संरक्षण गर्नु पर्नेमा उल्टै बहिनीको सतीत्व लुटेर भच्क्ष्यक भएको छ । उसले बहिनीलाई बहिनीको रूपमा नहेरी एउटी भोग्याको रूपमा हेरेको छ ।

उपन्यासको अर्को पुरुष पात्र शैलेन्द्रराज उपाध्यायले पनि आफ्नै आमा समान भाउजूलाई कुदृष्टि लगाएको छ। उसले पनि आफ्नै भाउजूसँग अनैतिकसम्बन्ध राखेर सन्तान जन्मेपछि घरको नोकरलाई पैसा दिएर जिम्मा लगाएको छ । त्यस्तै उपन्यासका अन्य पुरुष पात्र रामकृष्ण वाजे, श्यामबहादर भण्डारी, नरवीर गुरुङलगायतकाले पनि आफ्नो यौन चाहना पूरा गर्न नारीहरूसँग अनैतिकसम्बन्ध राखेर सन्तान जन्माए पछि अन्य पुरुषसँग पैसाको लोभ देखाएर जिम्मा लगाएको पाइन्छ । यस कुरालाई तलको साक्ष्यबाट बुझ्न सकिन्छ : "दुरचा पोडिनीको छोरा कुन चाहिँ छोरा तुलसीदास श्रेष्ठको अनुहार नपरेको छ ? कसैले भन्न सक्छ भने म यो देशको पानी खाने छैन । त्यो दुरचा यही आएकी छ" ( पृ .७१ ) । त्यस्तै अर्को दृष्टान्त हेरौ " भोग वीरेकी छोरीको कुरा के गर्ने हो भन्ने कुरा धेरै छन् । रामकृष्ण बाजेले मात्रै पछ्याएका थिएनन् । डिट्ठा श्यामबहादुर भण्डारी, मुखिया नरवीर गुरुङ सबैले पछ्याएका थिए" (पृ. ७३ )। देवेन्द्र, दानवीर, शैलेन्द्रराज उपाध्यायलगायतका अन्य पुरुषले महिलाको शरीरलाई उपभोग गरी कसरी अलपत्र छाडेका छन् भन्ने यथार्थ माथिका साक्ष्यले पुष्टि गरेका छन् । यहाँ पितृसत्तात्मक समाजको सोच कति नारीद्वेषी रहेको छ भन्ने कुरा पनि स्पष्ट भएको छ । पितृसत्तात्मक समाजले उनीहरूको

शरीरलाई बाध्यतामा पारेर प्रयोग गरेको छ। उनीहरूलाई सबै पुरुषहरूले भोगवादी आँखाले हेरेका छन्। नारीलाई आफ्नो इच्छाअनुसार भोग्ने अनि गर्भवती भएपछि विभिन्न परपुरुषलाई पैसाको लोभ देखाएर जिम्मा लगाएर पन्छाउने सोच पितृसत्तात्मक संरचनाले निर्माण गरेको छ। महिलालाई जवरजस्ती अनैतिकसम्बन्ध राखेर आफ्नो स्वार्थसिद्ध गर्ने र आफ्नो स्वार्थ पूरा भए पछि अनेक दुःख, पीडा र उत्पडीनमा पारेर अपमानित वा पशुतुल्य जीवन जिउन बाध्य पार्नु पितृसत्ताले नै जन्माएको परिणाम हो। यस उपन्यासमा पशु जगत्मा त यौन प्राकृतिक न्यायअनुसार चल्दछ भने मानव पशुभन्दा पनि अविवेकी भएर आफ्नो बुद्धि र विवेकको दुरूपयोग गर्दै जधन्य अपराध गर्छ भन्ने कुरा प्रस्तुत गरिएको छ। पुरुषसत्ताले शक्तिका आडमा महिलालाई उपभोगको साधन बनाई बाध्यतामा पारेर शरीर राजनीति गरेको वास्तविकता प्रस्तुत औपन्यासिक दृष्टान्तले पुष्टि गरेको छ। उपन्यासमा प्रमुख नारी पात्र बाहेका अरू नारीहरू पितृसत्ताले बुनेको षड्यन्त्रको जालबाट बाहिर निस्कन सकेका छैनन्। उनीहरू सबै प्रताडित बन्न बाध्य छन्।

### *शक्ति र प्रभुत्वको रूपमा नारी शरीरको प्रयोग*

को अछुत ? उपन्यासमा शक्ति र प्रभुत्वका रूपमा शरीर राजनीति भएको छ। सत्ता र शक्तिमा हुनेले कमजोर र सत्ताइतर हुने व्यक्तिको शरीरमाथि आफ्नो शक्ति प्रयोग गरी प्रभुत्व जमाउनु नै शक्ति र प्रभुत्वका आधारमा शरीर राजनीति हो। यस उपन्यासमा समाजको सत्ताको रूपमा पुरुष रहेको छ र उसले नारीको शरीरमाथि प्रभुत्व जमाएको छ। पुरुष शक्ति उसले महिलाको शरीरलाई मानवको दर्जामा राख्नसम्म अस्वीकार गरेको छ। पुरुषसत्ताले महिलालाई शक्तिहीन र कमजोर बनाएको छ। जसले गर्दा उसले नारी शरीरमाथि प्रभुत्व स्थापित गर्न सकोस्। यस उपन्यासमा देवेन्द्र, दानवीर, शैलेन्द्रराज उपाध्याय, रामकृष्ण बाजे लगायतका पुरुषहरूले नारी शरीरमाथि प्रभुत्व जमाएका छन्। देवेन्द्रले शक्ति र प्रभुत्वका आडमा इन्दिराको शरीरमाथि राजनीति गरको छ। उसले इन्दिराको शरीरमाथि प्रभुत्व जमाउँदै यौनशोषण गरेको छ। उसले इन्दिराको यौवनभन्दा अरू केही पनि हेरेको छैन। उसमा इन्दिराको शरीरमाथि तीव्र भोगेच्छा देखिन्छ भन्ने उदाहरण इन्दिराका माध्यमबाट प्रस्तुत गरिएको छ :

> ल आज हामीहरू मध्ये आधा लोग्ने मानिस आधा स्वास्नी मानिस भयौ रे, अनि एक जना लोग्नेले एक एक जना स्वास्नी लिने रे। ...हुँदाहुँदै अर्की केटीले ल हाम्रो सुहागरात पनि मानिनु पर्दछ। बत्ती मारिदिऊँ भनी हो हो ल भन्ने कुराका साथसाथै बत्ती निभाइयो, म झस्स झस्के मेरो निधारको बीचमा भिल्ल भयो, त्यहीनेर खबरदार धोका ’ भन्ने लाइन झल्ल झस्के जस्तो लाग्यो ...स्त्रीको पोशाकमा उन्मत्त रूपमा उनै मालिकलाई देखेँ म खङ्ग्रङ् भएँ, चिच्याउन मन लाग्यो, सहास आएन ... यसैमा मालिकले भने “इन्दिरा तिमी नहडबडाऊ यो मेरो जो कुछ त्यो तिम्रो हो” ...फेरि यसो सम्झेँ हामी स्त्री जातिको निम्ति आफूले कमाएर र आफ्नो पेट पाल्ने कुनै अरू उपाय नै पो के छ ? अनि फेरि न्याय तर्फ आएँ भोलि न्यायधीशको स्थानमा बसेर आफ्नो लोग्नेको सतीत्व पालन नगर्ने दिदीबहिनीहरूलाई जेलको सजाय दिने न्यायधीश माहात्मा यिनै मालिक हुन् ( शर्मा, २०११, पृ .१९–२० )।

प्रस्तुत साक्ष्यमा देवेन्द्रले षड्यन्त्र रचेर इन्दिराको शरीरमाथि प्रभुत्व कायम गरेको छ। आफ्नो शक्ति र प्रभुत्वका आधारमा इन्दिराको शरीरको उपभोग गरेको छ। बालविधवाका रूपमा रहेकी इन्दिरा बज्यै कामको खोजीमा दरबारमा भान्छे बन्न पुग्छे। उसको सुन्दर रूपमा दरबार प्रमुख देवेन्द्र लोभिन्छ। दरबारका केटीहरूका बिचमा परस्पर लोग्ने स्वास्नी बन्ने खेलको नाटक रचेर बत्ती निभाई झुक्याएर इन्दिरालाई बलात्कार गरेको छ। पुरुषले शक्ति र प्रभुत्वका माध्यमबाट एउटी असहाय नारीलाई विभिन्न षड्यन्त्र गरेर आफ्नो यौनवासना पूर्तिका लागि उसको अस्मिता, अस्तित्व लुटेर जीवनलाई नै अन्धकारमय हुने गरी उपभोग गरेको छ र शक्ति र प्रभुत्वकै आडमा अरूको जिम्मा लगाएको छ।

को अछुत ? उपन्यासमा दानवीर थापाले पनि शक्तिको दुरूपयोग गरेर नारीहरूको शरीरको उपभोग गरेको छ। सामन्ती समाजमा उच्चवर्गीय पुरुषहरूले शक्ति र सत्ताका आडमा महिलामाथि प्रभुत्व कायम गर्दछन् भन्ने कुराको दानवीरको चरित्रले पुष्टि गरेको छ। उसले आफ्नै भान्छे बाहुनी स्यानी बज्यैलाई विभिन्न प्रलोभनमा पारेर गर्भवती बनाएर लखेटेको छ भने आफ्नै सहोदर बहिनीसँग गुप्त यौनसम्बन्ध राखी यौनभोक मेटाएको छ। आफ्नो यौन प्यास मेटाउँदा बहिनी गर्भवती भएर सन्तानलाई जन्म दिएपछि बहिनीलाई अन्तै विवाह गरिदिएको छ भने सन्तान रतनलाई च्यामेको जिम्मा लगाएको छ। त्यस्तै दानवीर र देवेन्द्रको गुरुज्यू शैलेन्द्रराजले पनि शक्ति र सत्ताको आडमा आफ्नै भाउजूलाई गर्भवती बनाएर आफ्नै नोकरलाई पैसा दिएर जिम्मा लगाएको छ। यसरी उपन्यासमा शक्ति र प्रभुत्वका आधारमा शक्तिमा भएकाले शक्तिहीनको शरीर प्रयोग गरेका अनेक कथा र कथनहरू यस उपन्यासमा समाहित गरिएका छन्।

### *मानव शरीरप्रति उपभोक्तावादी सांस्कृतिक दृष्टि*

उपभोक्तावादी चिन्तन पाश्चात्य सांस्कृतिक अध्ययनका क्रममा विकसित सिद्धान्त हो। उपभोक्ता संस्कृतिमा खानका लागि काम गर्नु पर्ने अवस्था हुन्छ। परिश्रमको उचित मोल नदिए पनि जीवन यापनका लागि मानिसले अर्काको घरमा श्रम गर्न बाध्य हुन्छन् भन्ने कुरा इन्दिराका माध्यमबाट यसरी व्यक्त भएको छ :

> मेरो माइती पूर्व भोजपुर हो, म एघार वर्षमै विधवा भएकी थिएँ, मेरा दाजु धेरै वर्षदेखि नेपालमै बस्नु भएको थियो, शत्‌बीज छर्ने जात्रु बनेर म दाजुलाई भेट्न भनेर नेपाल आएकी थिएँ। मेरो उमेर उन्नाइस वर्षको थियो। मलाई दाजुले भन्नुभयो बैनी अल्ली दिन यता बस भाग्यले यस्तै पार्‍यो, बरू म यतै कतै मालिकहरूकहाँ राखिदिन्छु, ताउलो पोल जीविका चलाऊ (शर्मा, २०११ पृ. १८)।

प्रस्तुत साक्ष्यमा इन्दिरा आर्थिक प्रलोभन तथा एक पेट पाल्नका लागि मालिकको घरमा भान्छे बन्न बाध्य भएकी छ। उपभोक्तावादी संस्कृतिमा मान्छेको शरीर आर्थिक रूपमा खरिद गरेको हन्छ। उपन्यासकी अर्की नारीपात्र स्यानी बज्यैले पनि पेट पाल्नकै लागि मलिककहाँ भान्छेको रूपमा रहेको देखिन्छ। सानै उमेरमा शरीर बेचेर पेट पाल्न बाध्य नारीहरूको बाध्यतालाई पितृसत्तात्मक समाजका प्रभुत्वशाली पुरुषले गरेको ज्यादतीले उनीहरूलाई मर्नु न बाँच्नुको दोधारमा पुर्‍याएको छ। नारीले एक छाक खानकै लागि शरीरलाई बिक्रीमा राख्नु पर्ने

बाध्यता सिर्जना भएको देखाइएको छ। उपन्यासमा उपभोक्तावादी संस्कृतिले माहिलाको शरीरको मात्रै उपयोग गरेको छैन, निमुखा निम्न वर्गका पुरुषको शरीरको पनि आर्थिक प्रलोभन देखाएर उपयोग गरेको छ। प्रभुत्वशाली वर्गका पुरुषहरूले महिलाको शरीरलाई उपभोग गरी निमुखा निम्न वर्गका पुरुषको जिम्मा लगाउँछन् भन्ने कुरा उपन्यासमा देखाइएको छ। कमजोर आर्थिक स्थिति भएका पुरुषहरूले पनि अर्काको गर्भलाई आर्थिक उपार्जनका लागि जिम्मा लिन पछि पर्दैनन् भन्ने कुरा उपन्यासमा यसरी ब्यक्त गरिएको छ :

> आखिर दुई जना छाते र एक जना बैठके, एकजना हजुरिया साथमा म दार्जलिङ् आइ पुगे त्यहाँ एउटा निकै सुन्दर युवक हामी बसेको होटलमा काम गर्दथ्यो ... हजुरिया सुब्बाले मलाई एकान्तमा लगेर भने बज्यै तपाँई उपर मालिकको ठुलो निगाह छ। अहिलेलाई दशहजार रुपियाँ बक्सिएको छ। यो लिनुहोस् ठुलो मानिस इज्जतमा धब्बा लगाउनु भएन, पछि पनि तपाईंको निम्ति महिनाको दुई सय आउने व्यवस्था मिलाइएको छ। हाललाई यो होटलमा काम गर्ने पश्चिम पहाडको युवक छ, त्यसका साथ पश्चिम पहाड जानुहोस् ... दशौ महिनामा पुग्दै गरेकी गर्भिणी म रुँदैं बाटोमा आइरहेकी थिएँ। सिस्ने खोलामा डाँका लागे साथमा भएको सर्वस्व डाँकाका हातमा पऱ्यो डाँका लाग्ना साथै त्यो युवकको मन बदलियो म उसका निम्ति प्रेमकी थिइन पैसाकी थिएँ ऊ त्यहीबाट फर्कन्छु भन्न थाल्यो (शर्मा, २०११, पृ . २१ ।

प्रस्तुत माथिको साक्ष्यमा दानवीरले आफ्नो इज्जत बचाउन उजेली दमिनीकी आमा इन्दिरालाई प्रभुत्वशाली वर्गले घृणित परिबन्दमा पारी एक दमाई युवकका साथमा लगाइए पछि यिनी इन्दुरी दमिनी भएको थाहा हुन्छ। सामन्तीले आफ्नो स्वार्थ पूरागरे पछि दरबारका छाते, बैठके र हजुरियालाई प्रयोग गरेर होटलमा काम गर्ने युवकलाई पैसामा खरिद गरेर जिम्मा लगाएको छ। उसले युवकलाई पैसाको प्रलोभन देखाएर होटलको काम छाड्न लगाएर इन्दिरा र उसको गर्भमा रहेको बच्चाको जिम्मा लगाएको हो। युवकले पनि पैसाको प्रलोभनमा परेर आफूले काम गर्ने होटल छाडेर दानवीरले दिएको पैसा प्राप्त गर्न इन्दिरालाई जिम्मा लिएर उसको शरीरको उपभोग गरेको छ। त्यति मात्र होइन दानवीरले आफ्नै सहोदर बहिनीबाट जन्मेको आफ्नै छोरा रतनलाई च्यामेलाई पैसामा खरिद गरेर रतनको जिम्मा लगाएको छ भने च्यामेले पनि पैसाको लोभमा रतनको जिम्मा लिएको छ ।

गोरे दमाईकी आमा स्यानी दमिनी पनि सानैमा विधवा भएर काठमाडौँमा कर्णेल देवेन्द्रको घरमा भान्छे बाहुनीको रूपमा काम गर्न पुगेकी छ। कर्णेलले यौन शोषण गरेर गर्भवती भए पछि आफू सरुवा भई कलकत्ता पुग्दा स्यानीलाई पनि कलकत्ता पुऱ्याउँछ र आफ्नै घरमा बस्ने युवकलाई पैसामा किनेर युवकसँग देहरादून पठाउँछ। त्यस्तै शैलेन्द्रराजले पनि पैसाको लोभ देखाएर आफ्नै भाउजूबाट जन्मेको छोरा टीकारामलाई आफ्नै नोकरको जिम्मा लगाएको छ भने नोकरले पनि पैसाकै लागि शैलेन्द्रराजको सन्तान टीकाराम जैसी र उसकी आमाको जिम्मा लिएको छ। माथिका दृष्टान्तका आधारमा उपन्यासमा शरीरप्रतिको उपभोक्तावादी संस्कृतिका रूपमा शरीरको प्रयोग गर्ने र गराउने दुवै प्रकारका पुरुष चरित्रको उपस्थिति रहेको देखिन्छ।

### *शरीर राजनीतिप्रति प्रतिरोधी चेतना*

को अछूत ? उपन्यासमा वर्गीय विचारधाराका साथमा लिङ्गीय दृष्टिकोण आएको छ । लिङ्गीय पहिचानलाई प्रस्तुत गर्न वर्ग र जातिसँग मिसिएर उपन्यासकी प्रमुख नारी पात्र माया आएकी छ । मायाकै कारण विधवा समस्या, बलात्कार, घरेलुहिंमा, नारी विभेद जस्ता लैङ्गीक विभेदलाई पहिचान गर्ने काम यस उपन्यासले गरेको छ । आफू उच्च खानदानमा जन्मिेर हुर्किएकी शिक्षित र सचेत माया लैङ्गिक चेतनाका लागि सामाजिक कुरूपताका विरुद्धमा लागेकी छ । ऊ अन्याय, अत्याचार, हिंसा र बलात्कारमा परेर जातिच्यूत अर्थात् अन्यायमा परेका नारीलाई न्याय दिलाउनका लागि अहोरात्र खटेकी छ । मायाको साथ पाएपछि अन्य उत्पीडनमा परेका नारी पात्रहरू भित्र दबिएर बसेको विद्रोही चेतना बाहिर प्रकट भएको छ । मायाले उत्पीडनमा पारिएका नारीहरूको वास्तविक उत्पीडन थाहा पाएपछि उत्पीडित नारीहरूको उद्धारका लागि सङ्घर्ष समिति बनाउने निर्णय गदै म आजैदेखि प्रतिज्ञा गर्दछु, म बाँचुन्ज्याल अव्यवस्थित नीति उपर एउटा नयाँ क्रान्ति ल्याई छोड्ने छु भन्दै दमनकारी शक्तिसँग एक्लै लडेर हुँदैन, त्यसका लागि उत्पीडितहरू एकजुट हुनु पर्छ भनेर उनीहरूमा प्रतिरोधी चेतनाको बीजारोपण गरेकी छ । उपन्यासको प्रारम्भमा उत्पीडित नारीहरूले आफूमाथिको अन्यायको विरुद्धमा आवाज उठाउन नसके पनि उपन्यासको मध्यतिर आइपुग्दा वा मायाको साथ पाए पछि उनीहरूमा मौन प्रतिरोध देखिन्छ र उजेली दमिनीकी आमा इन्दिरा, गोरे दमाईकी आमा स्यानी दमिनी आदि नारीले सबैका सामु आ-आफ्ना कथा सुनाउँछन् । उनीहरूले आफूमाथि घटेका घटनालाई जनता सामु ल्याउन सक्नु भनेको उनीहरूभित्र प्रतिरोधी चेतनाको विकास हुनु हो भन्ने देखिन्छ ।

महिलाको शरीरलाई उपभोग्य वस्तुका रूपमा उपभोग गरेर महिलाको जीवनलाई मजाकको खेल जस्तो बनाएका प्रभुत्वशाली वर्गका व्यक्तिहरूले आफ्नो दुष्प्रयासको आन्तरिक भेद खोल्ने काम भएपछि आ–आफ्नो तरिकाले आफ्नो गुप्त यौन अपराध स्वीकार गर्दै दानवीरले मायासँग भन्छ : "माया छोरी, उजेली र यी रत्न तिम्रा दिदी र दाजू हुन् यसमा मैले मन्जुरी गरेँ । शङ्का छैन" (पृ. १०२ ) । यस साक्ष्यमा दानवीरले छोरी सामु आफ्नो अपराधलाई स्विकारेको छ । त्यस्तै देवेन्द्र र दानवीरको गुरुज्यू शैलेन्द्रले पनि आफ्नो कुकृत्यहरूको पोल खुलेपछि आफ्नो अपराधलाई स्वीकार गर्दै टीकाराम जैसीतर्फ बढेर भन्छ :" तिमी खास मेरै वीर्य हौ, तिमी उपर म आफ्नो ममता राख्तछु । तिमी मलाई क्षमा गर" ( पृ १३१ ) । यस साक्ष्यमा बलात्कारीहरू आ-आफ्नो गल्ती स्विकार्न वाध्य भए जस्तो देखिएका छन् तर पनि उनीहरू आफूले गरेको कुकृत्यको सजाय पाउनुको सट्टा सजायको छुट मागिरहेका छन् । उपन्यासको सुरुमा बलात्कारीहरूले सक्दो प्रतिकार गरेका छन् भने उपन्यासको अन्त्यतिर उनीहरू निरूपाय जस्ता देखिएका छन् । फुकोको शक्तिको अवधारणाले भन्छ : शक्ति एउटै बाटोबाट सधैँ एकनासले अघि बढ्दैन, यो समय, स्थान, र परिस्थितिअनुरूप परिवर्तित हुन्छ । यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुन्छ । यस अवस्थामा शक्तिशाली शासक र त्यसको विरोधीबिच टकराव हुन्छ (श्रेष्ठ, २०६८, पृ. ३३) । फुकोले भनेझैं उत्पीडित वर्ग सचेत हुँदा परिस्थितिमा केही परिवर्तनको अवस्था सिर्जना भएको छ । शक्तिको केन्द्रमा रहेको वर्गलाई दवाव र तनाव सिर्जना भएको छ र उनीहरूले आफ्नो गल्ती स्विकार्ने अवस्थामा पुगेका छन् । उनीहरू

आफ्नो गल्ती स्विकार्ने अवस्थामा पुगे तापनि उनीहरूलाई दण्डित गर्न सकेका छैनन् । उनीहरूले कुलीन वर्गकी नायिका मायाले जो भनी त्यही मान्ने गरेको देखिन्छ । उनीहरू मायाको नेतृत्वको सवालमा कुनै अवस्थामा पनि सन्देह वा शंका जाहेर गर्न सक्दैनन् भने आफूहरू पनि मायाको नेतृत्व बाहेक केही गर्न सक्दैनन् । उपन्यासका शक्तिहीन पात्रहरू शक्तिशाली वा सङ्गठित भएर आफ्नो पहिचान बनाउन सफल भएको जस्तो देखाइएको छ । उपन्यासमा विकृत सामाजिक पक्षहरूको सुधारमात्रको चाहना राखिएको हुनाले आमूल परिवर्तनको पक्षमा संघर्ष गर्न अधीनस्थ वर्ग तयार देखिदैनन् । अधीनस्थ वर्गमा प्रतिरोधी चेतना कमजोर नै छ किनभने अधीनस्थ वर्गका नारीहरू आफ्नो विवेक प्रयोग गरेर स्वतन्त्र निर्णय लिन सक्ने अवस्थामा पुग्न सकेका छैनन् । उनीहरूले प्रभुत्वशाली वर्गका पुरुषहरूले आफूमाथि गरेको उत्पीडनका विरूद्ध असन्तुष्टि व्यक्त गरे पनि सशक्त विद्रोह गर्न सकेको देखिदैन ।

## निष्कर्ष

मुक्तिनाथ शर्माको को अछुत ? उपन्यासमा शरीर राजनीतिको प्रयोग भएको छ । यस उपन्यासमा प्रयुक्त मुख्य नारी पात्र बाहेक प्रायः सबै नारी पात्रहरूको शरीरको प्रयोग बाध्यात्मक रूपमा भएको छ । अभिजात्यता वा कुलीन वर्गको गलत हेराइ उनीहरूका शरीरमाथिको शोषणको कारण बनेको छ । लैङ्गिकताका दृष्टिले पितृसत्तात्मक समाजमा रहेका प्रत्येक सम्बन्धहरू सङ्कटमा परेको, प्रभुत्वशाली वर्गका सबै पुरुषहरू नारीप्रति स्वच्छाचारी रहेको, पितृसत्तात्मक संस्कार र चिन्तनले प्रधानता पाएको देखिन्छ । पितृसत्तात्मक समाज व्यवस्थापनबाट उपन्यासकी प्रमुख नारी पात्र बाहेकका अन्य नारी पात्रहरू पितृसत्तात्मक समाज व्यवस्थापनबाट भयभीत भएको देखिन्छ । पितृसत्ताबाट लैङ्गिक र पितृसत्तात्मक रूपमा मानव शरीर प्रयोग गरिएको छ । कुलीन वर्गका पुरुष र नारी बाहेक लैङ्गिक रूपमा महिला तथा पुरुष दुवैको शरीर प्रयोग बाधात्मक रूपमा भएको छ । शक्ति र प्रभुत्वका माध्यमले शक्तिमा भएकाले शक्तिहीनको शरीर प्रयोग गरेका छन् । उपन्यासमा उपभोक्तावादी संस्कृतिका रूपमा पनि शरीर प्रयोग गर्ने र गराउने दुवै प्रकारका चरित्रको उपस्थिति रहेको छ । शक्तिको केन्द्रमा रहेका पुरुषले शक्तिको परिधिमा रहेका पुरुष र महिला दुवैको शरीरलाई बाध्यतामा पारेर प्रयोग गरेका छन् । यस उपन्यासमा महिलाको शरीर मात्र उपयोग नभएर कमजोर आर्थिक अवस्था भएका पुरुषको शरीर पनि प्रयोग गरिएको छ । उनीहरू सबैलाई बाध्यतामा पारी लैङ्गिक र पितृसत्तात्मक रूपमा, शक्ति र प्रभुत्वको रूपमा र उपभोक्तावादी संस्कृतिका रूपमा शरीर प्रयोग गरिएको हो । उपन्यासमा अन्याय, अत्याचार, शोषण, दमन, हिंसा र बलात्कार सहेर बस्न नहुने र नारी चरित्रहरूको प्रतीरोधी भाव चेतनालाई वाचिक क्रियाप्रतिक्रियाको स्तरमा देखाउन खोज्नु उपन्यास रचनाको सफल पक्ष हो । उपन्यासमा शिक्षित र सचेत नारी पात्रको नेतृत्वमा आवाजविहीन नारी पात्रहरूलाई पितृसत्तात्मक मूल्यविरूद्ध उभ्याएर पुरातन मूल्यमान्यता भत्काउन र नयाँ मूल्य स्थापना गर्न उनीहरूलाई प्रतिरोधी देखाउन खोजिएको छ । उनीहरूमा आएको प्रतिरोधी चेतनाले गर्दा प्रभुत्वशाली वर्गका पुरुषहरूलाई आफ्नो गुप्त रहस्य व्यक्त गर्न बाध्य पारिएको छ । नारी जागरण र सशक्तीकरणका लागि अधि वढ्नु पर्दछ भन्दै नारी दमन, शोषण, हिंसा र बलात्कार जस्ता कुरालाई समाजबाट निर्मूल पार्न सबै एक जुट हुनु पर्दछ

भन्ने सन्देश दिन खोजिएको छ तापनि त्यसको व्यावहारिक समाधान गर्न भने उपन्यास त्यति सक्षम बन्न सकेको छैन । घरानियाँ परिवारकी नारी पात्रकै नेतृत्वमा प्रतिरोधको अवस्थालाई सर्जिना गरिएको र अधीनस्थ वर्गका नारीहरू आफू स्वतन्त्र रूपमा निर्णय गर्न सक्ने अवस्थामा पुग्न नसकेको हुनाले उनीहरूले लैङ्गिक उत्पीडनको विरूद्ध सशत्त रूपमा प्रतिकार गर्न असमर्थ रहेको देखिन्छ । तसर्थ उपन्यासमा पितृसत्ताले आफ्नो वर्गीय, जातीय र लैङ्गिक रूपमा नारी शरीरलाई आफ्नो फाइदा र इच्छापूर्तिका लागि नियन्त्रण गर्ने प्रवृतिले निरन्तरता पाउने नै देखिएकाले प्रस्तुत उपन्यास शरीर राजनीतिका आधारमा विश्लेषणका निम्ति उपयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०७८), *सिद्धान्तका कुरा* (चौथो संस्क.), अक्षर क्रिएसन्स नेपाल ।

खनाल, रामप्रसाद (२०७५), *कृष्ण धरावासीका उपन्यासमा शरीर राजनीति,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गिरी, अमर (२०७० ), 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारण,' *भृकुटी* सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९, पृ .११–४६ ।

चैतन्य (२०७० ), 'समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन', *भृकुटी* सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९, पृ .१४२–१६५ ।

पाण्डे, ज्ञानू (२०६९ ), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञा–प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन । पौड्याल, षडानन्द (२०७७), *नेपाली आख्यानमा शरीर राजनीति,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

फुको, मिसेल (सन् १९८९ ), *दि फ्याकल्ट रिडर,* पौल रविन (सम्पा.), पान्थेन बुक्स ।

भट्टराई, रमेशप्रसाद (२०६८), 'लैङ्गिक समालोचना' *रत्न बृहत्नेपाली समालोचना* (सैद्धान्तिक खण्ड) ) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७३), *आधुनिक नेपाली उपन्यासमा सांस्कृतिक अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

भद्रा, चन्द्रा (सम्पा.) (२०७०), *लैङ्गिक अध्ययन,* अक्सफोड इन्टरनेशनल पब्लिकेशन प्रा .लि . ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* (दोस्रो संस्करण), डिस्कोर्स पब्लिकेसन ।

शर्मा , मुक्तिनाथ (२०६७ ), *को अछूत ?* (तेस्रो संस्करण ) साझा प्रकाशन ।